प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

# ध्यानाकर्षण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विगत लामो समयदेखि आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको व्यहोरा अवगत नै छ। परिषद् ऐन, नियमावलीमा व्यवस्था भए बमोजिम परिषद्को निर्देशक पदमा न्यूनतम ५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूमध्येबाट परिषद्को सदस्य-सचिव प्रमुख प्रशासकीय पदाधिकारीको रूपमा मनोनयन हुने व्यवस्था गरिएको छ। हाल परिषद्को सदस्य सचिव पद रिक्त रहेकाले नियमावलीमा भएको व्यवस्था बमोजिमनै सदस्य सचिवको छनौटका लागि प्रकृया शुरुभै सकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ। यसैक्रममा सदस्य सचिव नियुक्तिको विषयलाई जोडेर केही सञ्चार माध्यमहरूबाट कपोलकल्पित तथा भ्रामक समाचार सम्प्रेषण गरी परिषद्का जिम्मेवार पदाधिकारीहरू तथा अन्य विशिष्ट व्यक्तिहरूको समेत चरित्र हत्या गर्ने मनसाय राखी प्रकाशन भएका समाचार तथा सूचना प्रति परिषद् कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। त्यस्ता समाचारमा कुनै सत्यता नभएको कुरा परिषद् कार्यालय स्पष्ट पार्न चाहन्छ। राज्यको चौथो अङ्गको रूपमा रहेका सञ्चार माध्यमहरूले समाचार तथा सूचना सम्प्रेषण गर्दा सधैं सत्य तथ्यमा आधारित भई विश्वासनीय तथा निष्पक्ष ढंगले गर्न समेत परिषद् कार्यालय सबैमा अनुरोध गर्दछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्